# व्यवस्थापकीय पारदर्शीताका लागि सामाजिक परीक्षण

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको (ED. EPM. 598)आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको

## शोधपत्र


शोधकर्ता
गोपाल कार्की
परीक्षा रोल्न नं. २१४००५०/२०६६
त्रि.वि. दर्ता नं. ३६८६५/९४
क्याम्पस रोल नं. २६५
शैक्षिक स. २०६३/६४



सुकुना वहुमूखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ्ग


चैत्र, २०६९

त्रिभुवन विश्व विद्यालयद्वारा सम्बन्धन प्राप्त

# सुकुना बहुमुखी क्याम्पस

SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ

INDRAPUR, MORANG

स्थापितः २०४८

पत्र संख्याः

चलानी नम्बरः मितिः २०६९।  ।

---

सिफारिस-पत्र

**व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण** प्रस्तुत शोधपत्र निज गोपाल कार्कीले मेरो प्रत्यक्ष निगरानी र मार्गदर्शनमा रही तयार गर्नुभएको हो । निजको शोधपत्र, शोधपत्र समितिमा मूल्याङ्कनका लागि प्रस्तुत गर्न सिफारिस गर्दछु ।

.......................................

सहायक प्रा. अशोक वस्नेत

शोधनिर्देशक

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

२०६९/११/१०

त्रिभुवन विश्व विद्यालयद्वारा सम्बन्धन प्राप्त
सुकुना बहुमुखी क्याम्पस
SUKUNA MULTIPLE CAMPUS
इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापितः २०४८

पत्र संख्याः
चलानी नम्बरः मितिः २०६९।   ।

विषयः

स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, सुकुना बहुमुखी क्याम्पस, सुकुनामा शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिएर स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र **गोपाल कार्की**ले यस तहको आंशिक आवश्यकता परिपूर्तिको निमित्त गर्नुभएको **व्यावस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण** शीर्षकको शोधपत्र मूल्याङ्कन  समितिबाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | कार्यक्रम संयोजक | ................ |
| २. | अशोक बस्नेत | शोध निर्देशक | ................ |
| ३. | प्रा.डा. अरविन्दलाल भोमी | बाह्य निरीक्षक | ................ |

२०६९/१२/१० कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्स, इन्द्रपुर मोरङको शिक्षाशास्त्र अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि प्रस्तुत शोधपत्र **व्यवस्थापकीय पारदर्शीताका लागि सामाजिक परीक्षण** शीर्षकमा तयार गरिएको छ ।

यस शोधपत्र तयार गर्ने क्रममा शोधपत्रलाई खँदिलो र गहकिलो बनाउन त्रुटी लौल्याई आवश्यक सल्लाह, सुझाव र निर्देशन प्रदान गर्नुहुने, शोधनिर्देशक सहायक प्राध्यापक अशोक बस्नेतज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शीर्षकमा शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्न अनुमति प्रदान गर्ने श्री सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर मोरङ योजना तथा व्यवस्थापन विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । विभागीय प्रमुख लक्ष्मीकुमार श्रेष्ठज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी शोधपत्रलाई थप उत्प्रेरणा प्रदान गर्नुहुने आदरणीय क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठज्यूप्रति आभारी छु ।

यस अध्ययन अनुसन्धानलाई अगाडी बढाउन आवश्यक सूचना जानकारी र तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने मार्गा स्रोतकेन्द्र अर्न्तगतका सम्बद्ध सम्पूर्ण प्र.अ., वि.व्य.स., शि.अ. संघ, प्र.अ. शिक्षक, स्रोतव्यक्ति, विद्यार्थीज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । त्यसैगरी यस लेखनकार्यलाई अहोरात्र सहयोग पुऱ्याउने मेरी धर्मपत्नी ज्योती कटुवाल(कार्की), छोरी किन्जल कार्की र क्रिस्मा कार्कीलाई पनि विशेष धन्यवाद दिन चाहान्छु । यसै गरी यस लेखन कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउने सबैलाई सम्झन चाहान्छु । अन्त्यमा प्रस्तुत शोधपत्र टाइप गरी सहयोग गर्नुहुने पदमा भट्टराई (स्वागत कम्प्युटर सेन्टर, विराटचौक) एवम् भाइ यादव भट्टराईले आवश्यक सहयोग पुऱ्याउनु भएकोमा वहाँहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

गोपाल कार्की

# शोधसार

यो शोधपत्र **व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षण** शीर्षकमा गरिएको छ । यस शोधपत्रको मुख्य उद्देश्य सामुदायिक विद्यालयहरुमा व्यवस्थापकीय पारदर्शीताका लागि सामाजिक परीक्षणको अवस्था लेखाजोखा गर्नु रहेको छ ।

यस अनुसन्धानलाई अगाडी बढाउनको लागि परिमाणात्मक र गुणात्मक अनुसन्धानात्मक ढाँचाको अवलम्वन गरिएको छ भने उद्देश्यपूर्ण नमूना छनौट विधीद्वारा नमुना छनौट गरी अनुसन्धान गरिएको छ । यस अध्ययन तथा अनुसन्धानको क्रममा धनकुटा जिल्ला अर्न्तगतको मार्गा स्रोतकेन्द्रका वेलहारा चुङमाङ र आँखिलल्ला गाउँ विकास समिति अन्तर्गतको ४ वटा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षहरुसँग प्रत्यक्ष भेटवार्ता गरी प्रश्नावलीको प्रयोग गरी सामाजिक, परीक्षण सम्बन्धी आवश्यक सूचना, जानकारी र तथ्याङ्क लिइएको छ । यस अध्ययनको सैद्धन्तिक खाकाको रुपमा विकेन्द्रीकरणको सिद्धान्त, वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानव सम्बन्धको सिद्धान्तमा आधारित भएर अगाडी बढाइएको छ ।

सामुदायिक विद्यालयका सरोकारवालाहरु वा सामुदायहरु मध्ये केही शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति,विद्यार्थी र शिक्षकहरुलाई मात्र सामाजिक परीक्षणको बारेमा थाहा भएको पाइयो भने धेरै सरोकारवालाहरुलाई सामाजिक परीक्षणको विषयमा अनभिज्ञता रहेको पाइयो । एक जना प्रधानाध्यापकले मात्र दोहोरो लेखा प्रणाली राख्ने गरेको पाइयो भने तीन विद्यालयका प्रधानाध्यापकहरुलाई एकहोरो लेखा प्रणाली राखेको पुरानै प्रबृतिको आय-व्यय विवरण राख्ने गरेको पाइयो । सामाजिक परीक्षणको प्रचलनले आम सरोकारवालाहरुलाई विद्यालयको गतिविधिहरुलाई गहिरो रुपमा लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने क्षमताको विकास हुदै गएको छ भने प्रधानाध्यापकहरुले पनि आफ्नो जिम्मेवारीलाई सरोकारवालाहरुसँग समन्वयन गरी अगाडी बढाउने विद्यालय र समुदाय बीचको सम्बन्धलाई सुमधुर पार्दै अगाडी बढाउने कार्यको विकास हुदै गएको पाइयो ।

धेरै विद्यालयहरुमा सामाजिक परीक्षण समिति गठन गरी सामाजिक परीक्षण गरी तयार पारेको प्रतिवेदनका सुझावहरुलाई कार्यान्वयन गर्न थालिएको साथै सुझावलाई कार्यान्वयन गरे

नगरेको निगरानी सरोकारवालाहरुले राख्ने गरेको पाइयो भने सामाजिक परीक्षण गरी त्यसका सवल र दुर्वल पक्षलाई सार्वजनिक गर्ने काम आम भेला गराई गर्ने गराइएको पाइयो । विद्यालयका प्र.अ.हरुले कार्यदक्षमा आम्दानी र खर्चको विवरण बनाएर प्रदर्शन गर्ने गरेको पाइएन । सामाजिक परीक्षकले प्रतिवेदन तयार गरी पेश गरेका सुझावहरुलाई प्र.अ.ले कार्यान्वयन नगरेमा शिक्षा ऐन नियमानुसार कार्यवाही गर्नु पर्छ भन्ने सरोकारवालाहरु पनि पाइयो । विद्यालयको आर्थिक कारोबार अधिकांश विद्यालयका प्र.अ.हरुले राख्ने गरेको पाइयो भने केही विद्यालयमा लेखापालले राख्ने गरेको पाइयो ।

सामाजिक परीक्षणले विद्यालयको आम्दानी र खर्चको आर्थिक पारदर्शिता हुन थालेको छ । सरोकारवालाहरुले विद्यालयको आम्दानी र खर्च के कति भयो भनेर चासो लिन थालेका छन् । तथापी समयमा जानकारीको अभाव, सम्बन्धित निकायबाट अनुगमनको अभाव, औपचारिकतामा सीमित र राजनैतिक हस्तक्षेप जस्ता थुप्रै समस्याहरुले सामाजिक परीक्षण प्रभावकारी रुपमा हुन सकेको छैन । विद्यालयका सरोकारवालाहरुलाई समाजिक परीक्षण सम्बन्धी तालिम गोष्ठिको व्यवस्था गर्नुपर्ने देखिन्छ । प्र.अ.ले आफ्नो कार्यकक्षमा आम्दानी र खर्चको विवरण प्रदर्शन गर्नुपर्ने देखिन्छ । नेपाल सरकारको नियमानुसार आम्दानी खर्चको विवरण राख्दा राम्रो हुन जान्छ । विद्यालयको वार्षिक कार्यक्रम निर्माण, कार्यान्वयन, उपलब्धि आदिमा बढि भन्दा बढी सरोकारवालाहरुको सहभागिता वा संलग्नता गराउनु पर्ने देखिन्छ । विद्यालय समुदायको माझमा रहने भएकोले विद्यालय र समुदाय बीच सुमधुर सम्बन्ध स्थापित गर्दै सहत्वपूर्ण विषयको निर्णय प्रक्रियामा सबैलाई सहभागि र संलग्न गराउदै लैजादा उपयुक्त हुने देखिन्छ ।

# विषय सूची


| शीर्षक | | पृष्ठ नं. |
|---|---|---|
| | सिफरिस-पत्र | क |
| | स्वीकृति-पत्र | ख |
| | कृतज्ञता | ग |
| | शोधसार | घ |
| | तालिका सूची | ङ |
| | संक्षिप्त शब्दावली | च |


## परिच्छेद एक : परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनको उद्देश्य | ९ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | १० |
| १.६ | अध्ययनको परिसिमा | १० |
| १.७ | सम्बन्धित शव्दावलीको परिभाषा | ११ |


## परिच्छेदः दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १२ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १७ |
| २.३ | पुनरावलोकनको उपादेयता | १९ |


## परिच्छेद तीन : अध्ययन विधि


| | | |
|---|---|---|
| ३.१ | अनुसन्धानात्मक ढाँचा | २० |
| ३.२ | जनसंख्या | २० |
| ३.३ | नमुना जनसंख्या | २० |
| ३.३.१ | नमुना छनौट विधि | २० |
| ३.३.२ | जनसंख्या छनौटको आधार | २१ |
| ३.४ | तत्थ्याङ्क संकलन साधन | २१ |

३.५ तथ्याङ्कका श्रोतहरु २१
३.६ तथ्याङ्क संकलन विधि २१
३.९ तथ्याङ्कको व्यख्या तथा विश्लेषण विधि २२

## परिच्छेद चार : तथ्याङ्को व्याख्या र विश्लेषण

४.१ सामाजिक परीक्षण कार्यान्वयनको वर्तमान अवस्था २३
४.१.१ सामाजिक परीक्षणको जानकारी २४
४.१.२ विद्यालयको आर्थिक अभिलेखीकरणमा संलग्न व्यक्तिहरु २६
४.१.३ प्रधानाध्यापकको लेखा राख्ने शैली २६
४.१.४ व्यवस्थापकीय पारदर्शिता लागि सामाजिक परीक्षण प्रतिवेदन कार्यन्वयनको अवस्था २७
४.१.५ सामाजिक परीक्षण सार्वजनिकीकरणमा सरोकारवालाहरुको उपस्थिति २८
४.१.६ आम्दानी खर्चको अभिलेख २९
४.२. व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परीक्षणको प्रभाव ३०
४.२.१ आर्थिक कारोबारको जावफदेहिता ३१
४.२.२ सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिकीरणको अवस्था ३३
४.२.३ सामाजिक परीक्षणबाट व्यवस्थापकीय पारदर्शीताको सम्भावना ३३
४.३ सामाजिक परीक्षण कार्यान्वयनमा देखिएका समस्याहरु ३५
४.३.१ प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरु ३५
४.४ सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु ३७

## परिच्छेद पाँच : प्राप्ति निष्कर्ष र सुझाव

५.१ प्राप्ति ३९
५.२ निष्कर्ष ४१
५.३ सुझावहरु ४४
सन्दर्भसूची
अनुसूचीहरु

# तालिका सूची


| तालिका | विवरण | पृष्ठ नं. |
|---|---|---|
| १ | सामाजिक परीक्षण्को जानकारी | २५ |
| २ | व्यवस्थापकीय पारदर्शिताका लागि सामाजिक परिक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था | २७ |
| ३ | सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिकीरणमा सरोकारवालाहरुको उपस्थिति | २८ |
| ४ | आम्दानी खर्चको अभिलेख | ३० |
| ५ | आर्थिक कारोबारहरूको जवाफदेहीता | ३२ |
| ६ | सामाजिक परीक्षण प्रतिवेदन सार्वजानिकीरणको अवस्था | ३३ |
| ७ | सामाजिक परीक्षणबाट व्यवस्थापकीय पारदर्शिताको सम्भावना | ३४ |
| ८ | प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरु | ३६ |
| ९ | सामाजिक परीक्षणमा देखिएका समस्या सामाधानका उपाय | ३७ |

# संक्षिप्त शव्दावली

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| वि.सं. | विक्रम सम्बवत |
| प्र.अ. | प्रधानाध्यापक |
| गा.वि.स. | गाँउ विकास समिति |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एम.एड. | मास्टर अफ एजुकेशन |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.स. | शिक्षक अभिभावक संघ |
| सा.प. | सामाजिक परीक्षण |
| क्षे.शि.नि. | क्षेत्रीय शिक्षा निर्देशनालय |
| जि.वि.स. | जिल्ला विकास समिति |
| रा.शि.प.यो | राष्ट्रिय शिक्षा पद्धतिको योजना |